चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

**मिति २०७९/०५/०६ गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरू :**

१. आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा।
२. वित्तीय सुशासन पालना गर्ने सम्बन्धमा।
३. नगर कार्यपालिकाका निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।
४. बजार अनुगमन गर्ने सम्बन्धमा।
५. आन्तरिक राजस्व सङ्कलन सम्बन्धमा।
६. कर्मचारीको नियमित बैठकमा अनिवार्य उपस्थित हुने सम्बन्धमा।
७. मासिक प्रतिवेदन, हाजिरी उतार र Work Sheet / Time Sheet सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरू :**

**निर्णय नं. १** प्रस्ताव नं. १ को **"आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा"** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को निति तथा कार्यक्रम, वार्षिक बजेट, आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिमका कार्यक्रमहरू यस नगरपालिकामा कार्यरत सम्पूर्ण विषयगत शाखा / उपशाखा / इकाई / फाँट तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले गुणस्तरीय, परिणाममुखी कामकाजमा जोड दिदै कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **"वित्तिय सुशासन पालना गर्ने सम्बन्धमा"** छलफल गर्दा सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि कानुन, आन्तरिक नियन्त्रण प्रणाली तथा खर्च सम्बन्धी मापदण्ड एवम् वित्तीय सुशासनसँग सम्बन्धित कानुनहरुको पूर्ण कार्यान्वयन र परिपालना गरी सुशासनयुक्त सेवा प्रवाह गर्ने।

२०७९/५/१३
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. ३** प्रस्ताव नं. ३ को **"नगर कार्यपालिकाका निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा"** छलफल गर्दा हालसम्म नगर कार्यपालिकाबाट पारित भएका निर्णयहरू यस नगरपालिकाको वेबसाइटमा अपलोड गरिएको छ। उक्त अपलोड गरिएका निर्णहरूलाई अक्षरस कार्यान्वयन गर्ने तथा गराउने।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ को **"बजार अनुगमन गर्ने सम्बन्धमा"** छलफल गर्दा वडा कार्यालयहरूले आ-आफ्नो वडामा रहेका बजार व्यवसायहरूको नियमित अनुगमनको व्यवस्था मिलाउने । नगरपालिकाबाट समेत हप्तामा कम्तिमा एकपटक छड्के बजार अनुगमन गर्ने, व्यवसाय दर्ता नगर्ने, व्यवसाय दर्ता तथा नवीकरण शुल्क नतिर्ने, दर्ता प्रमाणपत्र अनुसार व्यापार / व्यवसाय नगर्ने, नगरपालिकाबाट जारी बजार अनुशासन सम्बन्धी निर्देशनहरूको पालना नगर्ने व्यापारीहरूलाई कानुनको दायरामा ल्याउने।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ को **"आन्तरिक राजस्व सङ्कलन सम्बन्धमा"** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७९ को आधारमा आन्तरिक राजस्व सङ्कलन गर्ने सम्बन्धित जिम्मेवार निकाय (राजस्व सङ्कलनमा प्रत्येक्ष भूमिका खेल्ने वडा कार्यालय, राजस्व उपशाखा लगाएत अन्य) कडाइपूर्वक क्रियाशील हुने र राजस्व सङ्कलन गर्ने। सङ्कलन भएको राजस्व समयमै आन्तरिक राजस्व खातामा दाखिला गर्ने। चुहावट र हिनामिना हुन नदिने। नगरबस, एम्बुलेन्स सेवा, व्याकूओलोडर, बालुवा, गिट्टी, ढुङ्गबाट सङ्कलन हुने राजस्व एवम् अन्य शीर्षकहरूमा प्राप्त राजस्व दुरूपयोग हुन नसक्ने अवस्थाको सुनिश्चितताको लागि Online Billing, Revenue Software र राख्नुपर्ने सम्पूर्ण तोकिएका ढाँचामा अभिलेखाङ्कन गर्ने व्यवस्था राजस्व उपशाखाले मिलाउने। आर्थिक प्रशासन शाखा र राजस्व उपशाखाले राजस्व अभिलेख व्यवस्थित गर्न एवम् चुहावट र दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने। साथै वडागत रुपमा गत २ (दुई) आ.व. को राजस्व प्राप्ति, वडाको श्रोत साधन, भौगोलिक स्थिति लगाएतको विवरण अनुसार यस आ.व.मा वडागत राजस्वको प्रति महिनाको लक्ष्य निर्धारण गरी सोही लक्ष्य बमोजिम सर्वाधिक राजस्व उठाउने वडालाई पुरस्कृत गर्ने निर्णय गरियो।

२०८१।५।१३
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. ६** प्रस्ताव नं. ६ को **"कर्मचारीको नियमित बैठकमा अनिवार्य उपस्थित हुने सम्बन्धमा"** छलफल गर्दा यस नगरपालिकाबाट हुने कर्मचारीको नियमित बैठकमा सम्पूर्ण कर्मचारीहरू अनिवार्य रुपमा उपस्थित हुने । साथै बैठकमा बिना कारण तथा जानकारी विना अनुपस्थित रहने कर्मचारीहरूलाई प्रति अनुपस्थित बराबर रु. ५००/- (अक्षरूपी पाँच सय मात्र) रकम जरिवाना गर्ने ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ को **"मासिक प्रतिवेदन, हाजिरी उतार र Work Sheet / Time Sheet सम्बन्धमा"** छलफल गर्दा यस नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले नियमित बैठकमा आउँदा लिखित मासिक प्रतिवेदन को हार्डकपी तथा सफ्टकपी (Word/Excel File), हाजिरी उतार र करार कर्मचारीको हकमा **Work Sheet / Time Sheet** सहित उपस्थित हुने र आर्थिक प्रशासन शाखाले सोही विवरणहरू भए/नभएको एकिन गरी प्रमुख प्रशासकीय अधिकृतको आदेशमा मात्र तलब भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

**अन्तमा बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत